नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२९३ दायर मिति:-२०८१/११/२१**

**फैसला मिति:-२०८१/१२/०७**

**वादी**

**प्र.स.नि.छोटेलाल प्रसाद यादव समेतको प्रतिवेदनले नेपाल सरकार..........................१**

**प्रतिवादी**

**जिल्ला सर्लाही बरहथवा नगरपालिका वडा नं.७ वनिया टोल वस्ने श्रीराम दास काथवनियाको छोरा वर्ष २१ को कृष्णा कुमार दास.........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका धनु राउत समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।१०।२७ गते अं.२०:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१६ भानुचोक स्थित प्रतिवादी कृष्णा कुमार दासले हो-हल्ला गरिरहेकोमा प्रहरीले फेला पारी किन हल्ला गरेको भनी निज प्रतिवादीलाई सोधुपुछ गर्दा निज प्रतिवादी उत्तेजित भई उल्टै प्रहरीलाई गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने समेत व्यहोराको प्र.स.नि.छोटेलाल प्रसाद यादव समेतको प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीले सार्वजनिक स्थलमा हो-हल्ला गरिरहेकोमा प्रहरीले फेला पारी किन हल्ला गरेको भनी निज प्रतिवादीलाई सोधुपुछ गर्दा निज प्रतिवादी उत्तेजित भई उल्टै प्रहरीलाई गाली गलौज गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी कृष्णा कुमार दासलाई कैद दिन २४, जरिवाना रु.१३००/- अक्षरेपी एक हजार तीन सय र क्षतिपूर्ती शुल्क रु.२००/- मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी कृष्णा कुमार दासलाई ठहरेको कैद दिन २४ को हकमा निज मिति २०८१/१०/२७ देखि २०८१/११/२० सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.२६१/२०८१/११/२२ दाखिला गरेको धरौटी रकम रु.१५००/- बाट जरिवाना रकम रु.१३०० क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु-------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना ७ गते विहीवार रोज ५/ ने.सं. ११४५ चिल्लागा षष्ठी, शुभम् .......